नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
परीक्षा निर्देशनालय

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :-२०७८/११/२६

## चिकित्सा शिक्षा स्नातक तह (Bachelor Level) का शैक्षिक कार्यक्रमहरुमा भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षाको परीक्षा तालिका सम्बन्धी सूचना ।

चिकित्सा शिक्षा स्नातक तह (Bachelor Level) का विभिन्न शैक्षिक कार्यक्रमहरुका लागि यस आयोगबाट प्रकाशित सूचना बमोजिम मिति २०७८/११/०६ भित्र अनलाइन आवेदन दिने सम्पूर्ण परीक्षार्थीहरुको एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्य तालिका देहाय बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**समय तालिका**

| सि नं | शैक्षिक कार्यक्रम | परीक्षा हुने दिन | समय |
|---|---|---|---|
| १ | MBBS, BDS, BSc Nursing, BASLP, B Perfusion Technology | २०७८ चैत्र १८ गते शुक्रबार | ११:०० -२:०० बजेसम्म |
| २ | BAMS, BNS, BSc MLT, BSc MIT, B Pharm, B Optometry, BPT | २०७८ चैत्र २० गते आइतवार | ११:०० -२:०० बजेसम्म |
| ३ | BPH | २०७८ चैत्र २१ गते सोमबार | ११:००-२:०० बजेसम्म |

परीक्षा केन्द्र काठमाडौं उपत्यका भित्र मात्र रहनेछ र सो सम्बन्धी विवरण परीक्षार्थीको प्रवेशपत्रमा उल्लेख गरिनेछ। प्रवेशपत्र परीक्षा शुरु हुने दिन भन्दा ५ दिन अघिदेखि अनलाइनमा उपलव्ध हुनेछ र परीक्षार्थी स्वयम्ले आफ्नो अनलाइन प्रोफाइल मार्फत प्रिन्ट गर्नुपर्नेछ ।

**परीक्षार्थीले साथमा अनिवार्य ल्याउनुपर्ने कागजातहरु**

- प्रवेश पत्र,
- नागरिकता वा पासपोर्ट (अनलाइन आवेदनमा पेश गरे अनुसार) को सक्कलप्रति ।

**परीक्षार्थीले ध्यान दिनुपर्ने जरुरी बुँदाहरु**

१. परीक्षार्थीहरु परीक्षा सञ्चालन हुनुभन्दा २ घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ ।परीक्षा शुरु भएको १५ मिनेट पछि परीक्षाहलमा प्रवेश गर्न पाइने छैन ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
परीक्षा निर्देशनालय
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

२. सबै शैक्षिक कार्यक्रमको पूर्णाङ्क २०० अङ्कको हुनेछ। प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुने र प्रत्येक गलत उत्तरका लागि ०.२५ अङ्क घटाइने छ ।एउटै उत्तरका लागि एकभन्दा बढि बबलमा सङ्केत गरेमा समेत गलत उत्तरबापतको ०.२५ अङ्क नै घटाइने छ ।

३. उत्तर पुस्तिका (OMR sheet) मा परीक्षार्थीले आफ्नो **रोल नम्बर र प्रश्नपत्रको सेट** बबलमा अनिवार्य भर्नुपर्नेछ । **रोल नम्बर र प्रश्न पत्रको सेटको बबल नभरेका उत्तर पुस्तिका (OMR sheet) रद्द गरिनेछ ।**

४. परीक्षा सम्बन्धी विस्तृत जानकारीका लागि मिति २०७८।०८।२८ को सूचना र प्रवेश पत्रमा उल्लिखित निर्देशनहरु अनिवार्य हेर्नुहुन समेत अनुरोध छ ।

उपसचिव
परीक्षा निर्देशनालय